# द्वन्द्वपीडितको प्रमाणीकरणः आवश्यकता, चुनौती र उपाय

- अधिवक्ता पुण्यप्रसाद खतिवडा

द्वन्द्वको शाब्दिक परिभाषाले व्यापक अर्थ समेट्ने भए तापनि यस कार्य-पत्रको सन्दर्भमा द्वन्द्व शब्दले नेपालमा विसं २०५२ को अन्त्यसँगै नेकपा (माओवादी)ले सुरु गरेको सशस्त्र जनयुद्धको अवधिमा सिर्जित विषम् परिस्थिति वा त्यसका कारण परेको विभिन्न प्रभावलाई बुझ्नुपर्ने हुन्छ। द्वन्द्वपीडित शब्दले उक्त द्वन्द्वका कारण प्रत्यक्षरुपमा व्यक्तिगतरुपले पीडितका अतिरिक्त तिनका परिवार, संरक्षक र आश्रित समेतलाई बुझाउँछ।

विगत ११ वर्षे सशस्त्र द्वन्द्वका कारण देशमा व्यापक प्रभाव परेको र ज्यादै ठूलो मात्रामा जन-धनको क्षति हुनपुगेको छ। यस क्रममा, असंख्य नागरिकले मृत्युवरण गर्नुपरेको, बेपत्ता हुनुपरेको, घरबास लगायत धन-सम्पत्तिको विनाश भएको, बलात्कार, क्रूर एवं अन्य प्रकारका यातना लगायतका अपराधबाट पीडित हुनुपरेको जस्ता शारीरिक, मानसिक एवं भौतिक क्षतिको सामना गर्नुपरेको तीक्तता हामीसामु छ। द्वन्द्वलाई गतिशीलता दिने, दबाउने, उक्साउने, चर्काउने क्रममा र अर्कोतिर त्यसलाई निकास दिने नाममै पनि देशमा व्यापकरुपमा मानसिक एवं भौतिक क्षति हुन पुगेको छ। तथापि वर्तमान अवस्थामा देशमा द्वन्द्वको शान्तिपूर्ण निकासले अग्रता लिदै आएको र यही मंसीर ५ गते नेपाल सरकार र नेकपा (माओवादी) बीच विस्तृत शान्ति सम्झौता सम्पन्न भई "सरकार माओवादीबीच चालु युद्धविरामलाई स्थायी रुप दिदै २०५२ सालदेखि चलिआएको सशस्त्र युद्ध समाप्त भएको घोषणा" गरिएको कारण तत्कालका लागि थप नागरिक द्वन्द्वपीडित हुनबाट प्रत्यक्षरुपमा रोकिने सकेत देखिएको छ। अर्कोतिर, द्वन्द्वपीडितको जीविका, पुनर्स्थापना, मेलमिलाप तथा सामाजिकीकरण र न्यायमाथि पहुँच तथा पीडक उपर उचित कारबाहीको सवाल बुलन्द हुँदै आएको पाइन्छ भने, भविष्यमा यस प्रकारका द्वन्द्व हुने स्थिति नआओस् भन्नेतर्फ पनि सचेत गराएको छ।

द्वन्द्वका क्रममा देशमा व्यापक जन-धनको क्षति हुनपुगेको सम्बन्धी थुप्रै प्रतिवेदन र चर्चा भए पनि हालसम्म पीडितका बारेमा प्राप्त हुने गरेका तथ्यांकमा पूर्णता, एकरुपता र विश्वसनियताको अभाव देखिन्छ। उदाहरणका लागि, उक्त द्वन्द्वको अवधिमा करिब १५ हजार मानिसको जीवन गुमेको, ८००० भन्दा बढी बेपत्ता भएको र २,००,००० भन्दा बढी मानिस विस्थापित हुनुपरेको तथ्यांक विभिन्न माध्यमबाट प्रकाशमा आउने गरेको छ। तर पनि द्वन्द्वरत पक्षहरुस्वयं आफ्नातर्फ भएको क्षति र प्रभावका बारेमा अस्पष्ट तथा अनभिज्ञ रहेको वर्तमान स्थितिमा अनुमानकै भरमा तथ्यांक निकाल्ने प्रचलनले प्रश्रय पाइआएको छ। सरकारले ५००० भन्दा बढी नागरिक बेपत्ता पारेको दाबी माओवादी अध्यक्ष प्रचण्डको रहनु तर त्यसको एकिन तथ्यांक दिन नसक्नु, त्यसैगरी बेपत्ता नागरिकका सवालमा सरकारले बेपत्ताका आफन्त, न्यायालय र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जगतलाई बारम्बार ढाँट्नु तर एकपछि अर्को गर्दै त्यसको पर्दाफास हुँदै जानुले द्वन्द्वरत पक्षहरुसँग पीडितको तथ्यांक नरहेको मात्र हैन तथ्यांक नराख्ने वा ढाकछोप गर्ने बदनियत रहेको त छैन ? भन्ने प्रश्न पनि उठेको छ।

यसप्रकार, द्वन्द्वप्रभावित व्यक्तिहरुले भोग्नुपरेको मानवीय संवेदनशीलताका पीडाहरु ज्यादै गम्भीर रहेका छन् भन्ने स्पष्ट हुन्छ। न्यायमाथि उनीहरुको पहुँच हुन सकेको छैन। त्यस्तै, अधिकांश पीडितहरुको सामाजिक तथा आर्थिक अवस्था ज्यादै नाजुक रहेको कारण पनि खतरापूर्ण जीवन बाँचिरहेका पाइन्छ। तर सामाजिक र आर्थिक आवश्यकतासम्बन्धी तथ्यांकको अभाव रहेकोले द्वन्द्वपछिको ९एयकत(अयलाष्अित० प्रभावकारी कार्यक्रम ९एचयनचबकक्ष्लन० बन्न गाऱ्हो छ। अर्कोतिर, पीडितका हितका लागि विभिन्न क्षेत्रबाट चालिएका भनिएका कार्यक्रमहरुको प्रभावकारिता, उपयोगिता र विश्वसनियतामाथि पनि प्रश्न उठ्ने गरेको छ।

अतः उक्त द्वन्द्वको क्रममा भएको शारीरिक, मानसिक एवं भौतिक क्षतिको हालसम्म स्पष्ट तथा भरपर्दो खोजी र तथ्यांकको अभाव भएको कारण समस्या समाधानको साटो झनै जटिलता सिर्जना गरेको छ। यस्तो स्थितिमा, द्वन्द्वपछिको वर्तमान अवस्थामा सर्वप्रथम् द्वन्द्वका कारण शारीरिक एवं मानसिक रुपमा पीडित हुन पुगेका व्यक्तिहरुको प्रमाणीकरण र भौतिक क्षतिका सम्बन्धमा सत्य-तथ्य स्पष्ट हुन आवश्यक छ। साथै, पीडितहरुको वृहत् हित, मानव अधिकार, लोकतान्त्रिक आदर्श एवं न्यायको प्रत्याभूति तत्काल गर्नका लागि द्वन्द्वपीडितको प्रमाणीकरण अपरिहार्य छ।

पीडितको प्रमाणीकरणको कार्यले पीडाको प्रमाणको रुपसमेत ग्रहण गर्ने भएकोले यसले पीडितको सम्बन्धमा न्याय-प्रशासन एवं न्याय-सम्पादन गर्ने कार्यमा महत्वपूर्ण भूमिका खेल्न सक्छ। भरपर्दो र आधिकारिक प्रमाणको अभावमा न्याय-प्रशासनको उद्देश्य एवं आदर्श परिपूर्ति हुन गाऱ्हो पर्ने भएकोले पीडितको पीडाको प्रमाणलाई पीडितको न्यायको मेरुदण्डको रुपमा पनि लिन सकिन्छ।

ब्ल्याक स्टोनले प्रमाणको अर्थ कुनै कुरालाई प्रदर्शित गर्नु, स्पष्ट गर्नु वा विवादित तथ्यको सत्यताको निश्चित गर्नु वा त्यसको विपरीत कुनै कुरा सिद्ध गर्नु हुन्छ भनेका पाइन्छ। कानुनी अर्थमा, प्रमाण तथ्यहरुको त्यस्तो प्रकारको जनाउ हो जसलाई न्यायिक कारबाहीको सिलसिलामा कानुनको परिधिभित्र रहेर न्यायकर्ताले ठहर गर्नुपर्ने कुरामा आफ्नो निर्णय दिने क्रममा प्रमाणित गर्ने माध्यम (मौखिक, लिखित वा दसी प्रमाण) द्वारा पेस गराउँछ।

यसरी, द्वन्द्वपीडित अर्थात् द्वन्द्वका कारण प्रभावितको सही, स्पष्ट, भरपर्दो र एकरुपतापूर्ण तवरबाट पहिचान र प्रमाणीकरण गर्नु वा द्वन्द्वको प्रभावको मूल्यांकन वा मापन गर्नु समग्र न्यायका लागि अत्यावश्यक र गम्भीर विषय हो भन्ने स्पष्ट हुन्छ।

प्रमाणीकरणको अर्थ र परिभाषाः प्रमाणीकरण भन्नाले १. वास्तविकता वा सत्यको निश्चिता, प्रामाणिकता वा आधिकारिकता ९ब अयलाष्कबतष्यल या तचगतज यच बगतजयचष्तथ० २. यस्तो निर्क्योलको प्रमाण ९तजभ भखष्मभलअभ या कगअज ब अयलाष्कबतष्यल० र, ३. वैधताको आधिकारिक वा औपचारिक समर्थन वा मान्यता ९ब ायचकबी बककभचतष्यल या खबष्मिष्तथ० भन्ने बुझिन्छ। अर्को शब्दमा, प्रमाणीकरण भनेको घटित वा विश्वास गरिएको कुनै तथ्य, घटना, परिकल्पना वा सिद्धान्तलाई प्रमाणित गर्ने वा निश्चितता प्रदान गर्ने कार्य हो। यसरी उचितता, सत्यता र आधिकारिकता ९अयचचभअतलभकक, तचगतज बलम बगतजभलतष्अष्तथ० को लागि गरिने कार्य प्रमाणीकरणको कार्य हो भन्दा अत्युक्ति नहोला। सरकार-माओवादीबीच ०६३ मंसीर ५ गते सम्पन्न विस्तृत शान्ति सम्झौतामा प्रमाणीकरण भन्नाले संयुक्त राष्ट्रसंघले सेना, लडाकू र हतियारको प्रमाणीकरण गरी यथार्थ लगत तयार पार्ने विषयलाई

जनाउ□छ भनिएको छ । प्रस्तुत सन्दर्भमा, प्रमाणीकरण शब्दले द्वन्द्वपीडित र तिनका परिवारको पहिचान र किटान (एकिन) गरी तिनलाई आधिकारिकता दिने (पीडितको प्रमाणपत्र दिने लगायत) कार्य मूलरुपमा समाविष्ट हुन्छ ।

द्वन्द्वपीडितको प्रमाणीकरणको कार्य द्वन्द्वपीडितका सम्बन्धमा चालिने अन्तिम कार्य होइन यो त सुरुआतको कार्य हो । तर यसले पीडितको विगत, वर्तमान र भविष्यलाई इङ्गित गर्न महत्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ । साथै, यो कुनै व्यक्तिको नाम जाँच्ने ( अजभअपष्लन) कार्य मात्र नभएर भविष्यमा त्यससम्बन्धमा थप द्विविधा नहोस् र पूर्ण विवरणका लागि अर्को प्रयत्न गरिरहन नपरोस् भन्ने पनि हो । यसमा व्यक्तिको नाम थर, उमेर, स्थायी तथा अस्थायी ठेगाना, शैक्षिक स्थिति, सम्पर्क ठेगाना, साम्पत्तिक विवरण, आपराधिक कार्य, समाचार सम्प्रेषण, व्यक्तिगत विवरण लगायतका निजसँग सम्बन्धित सम्पूर्ण विवरण बुझिनुपर्ने हुन्छ ।

प्रमाणीकरणको प्रक्रियाः

द्वन्द्वपीडितको प्रमाणीकरणको कार्य कार्यविधि कानुननको त्यो भाग हो जसमा द्वन्द्वपीडितको प्रमाण बुझ्ने प्रक्रिया, प्रमाण बुझ्ने प्रक्रियामा देखा पर्ने प्रमाणको संकलन, प्रमाणको प्रकार, प्रमाणको मूल्यांकन, प्रमाणको भार, प्रमाणित गर्ने तरिका आदि प्रमाण कानुनका विषयहरु महत्वपूर्णरुपमा देखिन आउँछन् । यसमा निरीक्षण ९ष्लकउभअतष्यल०, खोज वा अनुसन्धान ९मभतभअतष्यल० गरी पहिचान स्थापना ९ष्मभलतषष्अबतष्यल० गर्ने कार्य भरपर्दो वा स्वीकृत उपायहरुबाट ९तबपभल तय बकअभचतबष्ल अफउष्बिलअभ धष्तज बनचभभम ररभबकगचभक० गरिन्छ ।

कुनै अवस्थामा प्रमाणीकरण समूहले प्राप्त गरेका विश्वस्त हुन बाँकी पीडितका प्रतिवेदन वा तथ्यांकहरुका सम्बन्धमा थप जानकारी माग्ने वा प्राप्त गर्ने कार्य गरिन्छ भने केहीलाई समूहले माथिल्लो स्तरमा पठाई त्यसलाई आधिकारिकता दिने वा नदिने निर्णय गर्नुपर्ने हुन्छ । त्यसैगरी, कहिले-काहीँ तात्विक जानकारी प्राप्त भइसकेको अवस्थामा यदि त्यसउपर तत्काल कार्य गर्नुपर्ने वा त्यसलाई जोगाउने वा संरक्षण गर्नुपर्ने देखिएमा सम्बन्धित अधिकारीसमक्ष तत्काल प्रस्तुत गरी कार्य गर्नु प्रमाणीकरणको जीवन्तताभित्र पर्दछ । ९ध्जभल तजभ तभक चभअभषखभक बल गलअयलाष्कभम खष्अतष्च चभउयचत, तजभ चभभिखबलअभ तय तजभ तभकष्क बककभककभम, बलम, ष बउउचयउचष्बतभ, ।गचतजभच ष्लायचकबतष्यल ष्क कयगनजत। इलअभ तजभ ष्लायचकबतष्यल ष्क कगदकतबलतष्बतभम बलम अयलकष्मभचभम या बल गचनभलत लभभम या बअतष्यल, ष्लायचकबतष्यल ष्क चबउष्मथि मष्ककभझष्लबतभम तय तजभ अयलअभचलभम बगतजयचष्तथ।०

प्रमाणीकरणसम्बन्धी सिद्धान्तः

प्रमाणीकरणको कार्यले सामान्यतः सुपरिवेक्षण ९कगचखभर्षीबिलअभ० का सामान्य सिद्धान्तलाई अनुसरण गर्दछ जसमा सुव्यवस्थित संकलन, मिलान वा परितुलन, विश्लेषण र तथ्यांकको व्याख्या र आवश्यकतानुसार सार्वजनिक गरिन्छ ९कथकतझबतष्अ अर्याभिअतष्यल, अर्याबितष्यल, बलबथिकष्क ७ ष्लतभचउचभतबतष्यल या मबतब ७ मष्ककभझष्लबतष्यल तय तजयकभ धजय लभभम तजभ ष्लायचकबतष्यल ।यच बअतष्यल।०

द्वन्द्वपीडितको प्रमाणीकरण किन ?: आवश्यकता र महत्व

- द्वन्द्वपीडितहरुको प्रमाणीकरण तथा द्वन्द्वका प्रभावको सत्य-तथ्य उजागर गर्ने कार्य पीडितहरुको न्यायका लागि चालिने प्रथम कार्य र द्वन्द्वनिकासको महत्वपूर्ण सर्त हो । द्वन्द्वग्रस्त क्षेत्रको पुनः निर्माण र विकास, शान्ति, लोकतन्त्र र न्यायिक प्रत्याभूतिको भरपर्दो र व्यवस्थित प्रस्थानविन्दु भनेको द्वन्द्वपीडितहरुको प्रमाणीकरण हो ।
- द्वन्द्वपीडितहरुको संवेदनशीलताको वर्गीकरण गरी अत्यधिक जोखिममा परेका र तत्काल राहत वा सुरक्षा उपलब्ध गराउनुपर्ने अवस्थालगायतका पीडितहरुको पहिचान हुनेगरी द्वन्द्वपीडितहरुको प्रमाणीकरण यथाशीघ्र हुनुपर्ने टड्कारो आवश्यकता छ । अर्कोतिर द्वन्द्वका कारण परेको सकारात्मक र नकारात्मक प्रभावलाई बेलैमा पहिचान गरी समयसापेक्ष तिनलाई संबोधन गरी पीडितको न्यायमाथिको पहुँच र प्रत्याभूति तथा दिगो जीविकाको पहुँचको सवालतर्फ उचित ध्यान दिई मानव अधिकारको सम्मान, अग्रगमन र कानुनी शासनयुक्त सुनौलो भविष्यको रेखा कोर्नु पनि त्यतिकै आवश्यक छ ।
- मानव अधिकार र मानवीय कानुनको पालना र सम्मान गर्न ।
- द्वन्द्वपीडितहरुको पुनः स्थापना, पुनः सामाजिकीकरण गर्न ।
- द्वन्द्वपीडितहरुलाई आवश्यक सहयोग, क्षतिपूर्ति, शोधभर्नाका लागि ।
- दोषी तथा पीडकको पहिचान र त्यस्तामाथि कारबाही गर्न ।
- पीडितलाई न्याय दिन ।
- प्रतिशोध र असमझदारी भावनाको अन्त्य गरी भाइचारा, मेलमिलाप र समझदारी बढाउन ।
- द्वन्द्वपीडितको नाममा प्राप्त हुने गरेका सुविधा, सहयोग र सहानुभूति वास्तविक पीडितले नपाएर गैरपीडित वा अर्कै व्यक्तिले पाएको वा पाउन सक्ने हुनाले द्वन्द्वपीडितका नाममा हुने गरेको दुरुपयोग रोक्न ।
- द्वन्द्वको दिगो निकास, शान्ति, न्याय, विकास र अग्रगमनका लागि ।

  यसप्रकार, पीडितको स्पष्ट पहिचान हुने (आवश्यकतानुसार पीडित प्रमाणपत्र दिन सकिने), राहत वा क्षतिपूर्ति वा शोधभर्नाका लागि बाटो खुल्ने, सूचनाको हकको सम्मान हुने, शिक्षा, स्वास्थ्य लगायत समग्र विकासका लागि भरपर्दो तथ्यांक उपलब्ध हुने, पीडितका सम्बन्धमा विद्यमान अन्यौल हट्ने, पीडक र द्वन्द्वका कारण फाइदा लिनपुगेका व्यक्ति,

संस्था वा निकायहरुको पनि पहिचान हुने र शान्ति, विकास, अग्रगमन र समग्र न्यायका लागि आधारभूत आधार बन्ने हुँदा प्रमाणीकरणको आवश्यकता र महत्व दुवै स्पष्ट हुन्छ ।

द्वन्द्वपीडितको प्रमाणीकरण सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रावधानहरुः
द्वन्द्वपीडितको प्रमाणीकरण सम्बन्धी छुट्टै र स्पष्ट कानुनी व्यवस्थाको अभाव छ तथापि यससम्बन्धमा कार्य गर्नका लागि हालसम्म प्रयोग हुनसक्ने अभ्यासका मुख्य वैधानिक आधारहरु निम्नानुसार देखिन्छः

- नेपाल अधिराज्यको संविधान, ०४७ को धारा ९२ मा श्री ५ बाट न्यायपरिषद्को परामर्शमा सर्वोच्च अदालतको न्यायाधीश वा पुनरावेदन अदालतको मुख्य न्यायाधीशलाई न्यायिक जाँचबुझको काममा वा केही खास अवधिको कानुन वा न्याय सम्बन्धी अनुसन्धान, अन्वेषण वा राष्ट्रिय सरोकारको अन्य कुनै काममा खटाउन सक्ने व्यवस्था छ ।
- जा□चबुझ आयोग ऐन, २०२६ को दफा ३ (१) मा श्री ५ बाट मन्त्रिपरिषद्को सल्लाहमा नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ९२ को प्रतिबन्धात्मक वाक्यांशमा उल्लिखित कुनै कामको लागि सोही प्रतिबन्धात्मक वाक्यांश बमोजिम सर्वोच्च अदालतको न्यायाधीश वा पुनरावेदन अदालतको मुख्य न्यायाधीशलाई खटाई आयोग गठन गर्न सक्ने व्यवस्था छ । त्यस्तो आयोग न्यायाधीशको मात्र वा अन्य व्यक्ति समेत रहेको हुन सक्नेछ भनिएको पाइन्छ भने सोही ऐनको दफा ३ (२) मा सार्वजनिक महत्वको कुनै कुराको जाँचबुझ गर्नको लागि कुनै आयोग गठन गर्न आवश्यक देखिएमा श्री ५ को सरकारले एक वा एकभन्दा बढी सदस्यहरु रहेको जाँचबुझ आयोग गठन गर्न सक्नेछ भन्ने उल्लेख छ ।
- राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०५३ ले मानव अधिकारको संरक्षण र संवर्द्धन गर्नु आयोगको प्रमुख कर्तव्य हुने व्यवस्था गरेको छ । उक्त कर्तव्य पूरा गर्न आयोगले पीडित वा अरु कसैले आयोग समक्ष दिएको निवेदन वा उजुरी वा कुनै स्रोतबाट आयोगलाई प्राप्त भएको जानकारी वा आयोगको आफ्नै स्वविवेकमा आयोग आफैंले वा अरु कसै मार्फत छानविन र अनुसन्धान गर्ने काम गर्न सक्ने व्यवस्था देखिन्छ । यसप्रकार आयोगले सैनिक ऐनको क्षेत्राधिकारको विषय, सरकारको मुख्य सचिव र महान्यायाधिवक्ताले नदिएको विषय बाहेकका मानव अधिकारको क्षेत्रमा अनुसन्धान कार्य गर्ने र मानव अधिकारस्थितिको समीक्षा गर्ने लगायतका काम गर्न सक्ने देखिन्छ ।
- नेपालस्थित संयुक्त राष्ट्रसंघीय मानव अधिकार उच्चायुक्तको कार्यालयको कार्यादेश र उद्देश्यमा अनुसन्धान लगायत देशभरि मानव अधिकार र अन्तर्राष्ट्रिय मानवीय कानुन पालना भए नभएको अनुगमन गर्ने रहेको देखिन्छ ।
- मानवीय कानुनसम्बन्धी जेनेभा महासन्धिको प्रथम उपलेख सन् १९७७ को धारा ४ ले आन्तरिक सशस्त्र द्वन्द्वरत पक्षहरुबाट मानवीय व्यवहारका आधारभूत तथा मौलिक प्रत्याभूतिसम्बन्धी व्यवस्थाहरुको उल्लेखन गरेको छ । उक्त उपलेखको व्यवस्थालाई द्वन्द्वपीडितहरुको प्रमाणीकरणका लागि आधारभूत मापदण्डहरुको रुपमा लिन सकिन्छ ।

प्रमाणीकरणका प्रयास र अभ्यासहरुः
नेपालमा हालसम्म द्वन्द्वपीडितहरुलाई लक्षित गरी उनीहरुको प्रमाणीकरण लगायतका विषयमा कुनै ठोस अभ्यास भएको पाइन्न । तथापि त्यससँग निकट रही भएका हालैका केही प्रतिबद्धता, अभ्यास र सरोकारलाई यसरी उल्लेख गर्न सकिन्छः
(क) जा□चबुझ आयोग र मानव अधिकार निकायः

- ०४६ को जनआन्दोलनपछिको उच्चस्तरीय जा□चबुझ आयोगः ०४६ सालको जनआन्दोलनपछि बनेको मल्लिक आयोगले तत्कालीन जनआन्दोलनका दोषीहरु उपर छानविन गरी कारबाहीको सिफारिस गरेको भए तापनि त्यसउपर महान्यायाधिवक्ताले कारबाही गर्ने कानुनको अभाव देखाएर मुख्य दोषीहरुलाई कारबाही नहुने राय दिएका तथा मन्त्रिपरिषद्ले पनि घटनाका दोषीहरुलाई उक्त राय र मनोभावनाको कारण देखाई दोषीहरुउपर कुनै सजाय गरेको थिएन ।
- जनआन्दोलन-२ पछिको उच्चस्तरीय जा□चबुझ आयोगः सात दलको सरकारका प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले २०६१ माघ १९ पछिको निरंकुश एवं तानाशाहीतन्त्रमा भएका ज्यादतीपूर्ण घटनाहरुको छानबिन गरी दोषी पत्ता लगाउन एक उच्चस्तरीय जाँचबुझ आयोग गठन गरेको सूचना २०६३ वैशाख २२ गते नेपाल राजपत्रमा प्रकाशित गर्‍यो जसमा श्री ५ को सरकारले जा□चबुझ आयोग ऐन, २०२६ को दफा ३ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी सोही ऐनको दफा ४ बमोजिमको काम-कर्तव्य र अधिकारसम्पन्न पारेको उल्लेख छ । उक्त आयोगको काम निम्नानुसार उल्लेख पाइन्छः (१) राजनैतिक दलहरुद्वारा सञ्चालित शान्तिपूर्ण जनआन्दोलनको क्रममा भएका दमनकारी घटनाहरुमा भएका जनधनको क्षति, त्यसक्रममा भएको राष्ट्रिय ढुकुटीको दुरुपयोग, सत्ता र शक्तिको दुरुपयोग, पदको दुरुपयोग, मानव अधिकारको उल्लंघन लगायतका कार्यको छानबिन गरी सत्य-तथ्य पत्ता लगाउने । (२) आन्दोलनका क्रममा भएको जनधनको क्षति, त्यसक्रममा भएको राष्ट्रिय ढुकुटीको दुरुपयोग, सत्ता र शक्तिको दुरुपयोग, पदको दुरुपयोग, मानव अधिकारको उल्लंघन लगायतका कार्यहरु कसको निर्णय, आदेश, परिचालन, निर्देशन, उक्साहट, प्रेरणा, योजना र क्रुरताबाट भएको हो र त्यसबाट के कस्तो क्षति, नोक्सानी, दुरुपयोग र उल्लंघन भएको छ, सो समेत पत्ता लगाउने । (३) यससम्बन्धमा सरकारले को को उपर के कस्तो कारबाही गर्नुपर्ने हुन्छ सोको राय ठहर र सुझाव सहितको प्रतिवेदन पेस गर्ने र (४) माथिका प्रकरणहरु बमोजिम काम गर्नको लागि आयोगले उक्त ऐन बमोजिमका सबै अधिकारहरु प्रयोग गर्ने । तर वैधानिकताको प्रश्न लगायतका कारण स्वयंमा फितलो जा□चबुझ आयोग गठन केवल बयानबाजी र जन आक्रोश शान्त पार्ने चालबाजी मात्र भएको तथा वस्तुनिष्ठ निकासका लागि नभएर राजनीतिक उद्देश्य प्रेरित थियो भन्ने कुरा उक्त आयोगले प्रतिवेदन बुझाउँदा भोग्नुपरेको विभाजन, फितलो सिफारिस, टीका-टिप्पणी र प्रतिवेदनलाई

गोप्य राख्ने षड्यन्त्रबाट प्रतिवेदनलाई यही मन्त्रिपरिषद्ले कार्यान्वयन गर्ला भनेर ढुक्क हुने आधार फितलो छ। अतः यस आयोगको प्रतिवेदनको नियति पनि मल्लिक आयोगकै जस्तो नहोला भन्न सकिन्न।

- बेपत्ता नागरिक छानबिन आयोग र समितिहरुः बेपत्ता नागरिक छानविन गर्नका लागि सर्वप्रथम् ०४६ को बहुदलीय व्यवस्थास□गै अन्तरिम सरकारले गठन गरेको समितिले ३५ जनाको स्थिति सार्वजनिक गरेको थियो। त्यसपछि ०६१ मा गठन गरिएको आयोगले क्रमशः गर्दै आठ पटकसम्म गरी जम्मा ५७८ जनाको र ०६३ जेठमा गठित एक सदस्यीय समितिले १७४ जनाको स्थिति सार्वजनिक गरेको देखिन्छ। सो बाहेक तत्कालीन शाही सेनाका तर्फबाट केहीको स्थिति सार्वजनिक गरिएको थियो।
- यसैगरी, द्वन्द्वको क्रममा भएका केही चरम यातनाका कारण हत्या भएका पत्रकार कृष्ण सेन, मैना सुनुवार आदिका सम्बन्धमा र अन्य केही व्यापक प्रचारमा आएका तथा दबाबमूलक गम्भीर अपराधका सम्बन्धमा अध्ययन गर्नेसम्म कार्य भएको पाइन्छ। द्वन्द्वपीडितका कयौं घटनाहरुलाई सञ्चारमाध्यमले प्राथमिकतापूर्वक प्रचारप्रसार वा प्रकाशमा ल्याउने गरेका छन्।
- राष्ट्रिय मानव अधिकार आयोगले रा.मा.आ.ऐन, ०५३ को अधीनमा रही देशमा विद्यमान मानव अधिकार उल्लंघनका घटनाहरुमा अध्ययन, अनुसन्धान गर्दै आएको पाइन्छ। तथापि यसको गठनविधि त्रुटीपूर्ण, उच्च कानुनी हैसियतको अभाव, कार्य अधिकार र साधन-स्रोत आदिको कमीका कारण अन्तर्राष्ट्रिय मापदण्ड अनुसार प्रभावकारी कार्य गर्न सकेको पाइन्न।
- सं.रा.संघीय मानव अधिकार उच्चायुक्तको नेपालस्थित कार्यालयले मानव अधिकारका लागि सं.रा.संघीय उच्च आयुक्त र तत्कालीन श्री ५ को सरकारबीच ०६१ चैत्र २८ गते भएको सम्झौताबमोजिम मानव अधिकार हननका विषयहरुमा सोखिन अध्ययन-अनुसन्धान गरिआएको महसुस गरिएको छ। सो कार्यालयका नवनियुक्त प्रमुख लेना सिन्धले मानव अधिकारका सम्बन्धमा व्यक्त प्रतिबद्धता कार्यान्वयनमा ल्याइए मानव अधिकार संरक्षणमा ठूलो बल पुग्ने बताउँदै विगतमा भएका र अहिले भइरहेका मानव अधिकार दुरुपयोगका घटनाको लेखाजोखा हुनु जरुरी रहेको तर्फ औंल्याएकी छिन्।
- त्यसैगरी राष्ट्रसंघीय महासचिवका विशेष प्रतिनिधि इयान मार्टिन, संरासंका आवासीय प्रतिनिधि माथ्यु कहानेले नेपालमा मानव अधिकारका सम्बन्धमा व्यावहारिक प्रतिबद्धता देखिनुपर्ने बताएका छन्।

(ख) राजनीतिक सहमति, प्रतिबद्धता, अभ्यास र सरोकारः

- निरंकुश राजतन्त्रको अन्त्यका लागि ०६२ मंसीर ७ गते भारतमा गरिएको सात दल र नेकपा माओवादीबीचको १२ बुँदे सहमतिमा सात राजनीतिक दलहरुले विगतमा संसद र सरकारमा छ□दा भएका गल्ती-कमजोरीप्रति आत्म-समीक्षा गर्दै अब त्यस्ता गल्ती-कमजोरी नदोहोऱ्याउने प्रतिबद्धता व्यक्त गर्दै शान्ति-प्रक्रियालाई अघि बढाउनेसन्दर्भमा मानव अधिकारका मूल्य-मान्यताहरुलाई पूर्ण सम्मान गर्ने र तिनका आधारमा अघि बढ्ने प्रतिबद्धता व्यक्त गरिएको थियो। तर पुनर्स्थापित प्रतिनिधिसभाले आफूलाई पुरानै संविधानभित्रको तर सो संविधान मान्नु नपर्ने गरी शक्तिशाली संस्थाको रुपमा विस्तार गरिरहेको वर्तमान अवस्थासम्म पनि केही सांसदहरुले सदनमा बोल्नेबाहेक प्रतिनिधिसभाका तर्फबाट भने समग्र द्वन्द्वपीडित र तिनको प्रमाणीकरणका सम्बन्धमा कुनै संवोधन गरेको पाइदैन न त प्रतिनिधिसभाको घोषणा, २०६३ मा 'मानव अधिकार' र 'द्वन्द्वपीडित' का सम्बन्धमा एक शब्दसम्म उल्लेख नै गरिएको छ।
- सात पार्टीको सरकार, माओवादी र अन्य राजनीतिक दलहरुले शिखर वार्ता गरी सशस्त्र द्वन्द्वको अन्त्य र राजनीतिक अग्रगमनको दिशामा लाग्ने क्रममा थुप्रै प्रतिबद्धताहरु व्यक्त गर्दै आएका छन्। त्यसै सिलसिलामा, गत असार २ गते सात दल-माओवादीबीच भएको आठ बुँदे सम्झौतामा १२ बुँदे समभ्रदारी र गत जेठ १२ गतेको सरकार-माओवादीबीचको युद्धविराम आचारसंहितालाई दृढता र इमानदारिताका साथ कार्यान्वयन गर्ने तथा नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानव अधिकार तथा कानुनी राज्यको अवधारणालगायत लोकतान्त्रिक मूल्य-मान्यताप्रति प्रतिबद्धता व्यक्त गर्दै आफ्ना गतिविधि सञ्चालन गर्ने कुरा उल्लेख छ। त्यस्तै, अन्तरिम संविधान निर्माण गर्नेसमेतको सहमति भएको व्यहोरा उल्लेख गरिएको भए तापनि द्वन्द्वपीडितका सम्बन्धमा कुनै औपचारिक वा ठोस सहमति वा निर्णय गरिएको देखिन्न।
- अन्तरिम संविधान मस्यौदा-२०६३ को भाग ३ धारा १३ मा स्वतन्त्रताको हकसम्बन्धी व्यवस्था गरिएको पाइन्छ जसमा प्रत्येक व्यक्तिलाई सम्मानपूर्वक बाँच्न पाउने हक हुनेछ र मृत्युदण्डको सजाय हुने गरी कुनै कानुन बनाइने छैन भन्ने उल्लेख छ। त्यस्तै, विभिन्न मौलिक हकहरु अन्तर्गत कुनै पनि व्यक्तिलाई दण्डहीनता वा मानवताविरुद्धको कसूरमा कानुनी उपचार प्राप्त गर्ने हक हुनेछ भनी न्यायसम्बन्धी हक उल्लेखित छ। त्यस्तै, धारा ३३ मा नागरिक स्वतन्त्रता, मौलिक अधिकार र आधारभूत मानव अधिकार समेतलाई शान्तिपूर्णरुपमा उपभोग गर्न पाउने वातावरणको सिर्जना गर्नु राज्यको दायित्व हो भनिएको छ भने भाग ५ मा राज्यका सिद्धान्त तथा नीतिहरु अन्तर्गत मानव अधिकारको संरक्षण, संवर्द्धनको कुरा उल्लेख छ। वर्तमान अन्तरिम संविधानमा संवैधानिक अंगको रुपमा व्यवस्था गरिएको राष्ट्रिय मानव अधिकार आयोगको कर्तव्य मानवाधिकारको सम्मान, संरक्षण र संवर्द्धन तथा त्यसको प्रभावकारी कार्यान्वयनलाई सुनिश्चित गर्नु रहेको देखिन्छ भने त्यसका लागि आयोगले मानवाधिकार उल्लंघन वा त्यसको दुरुत्साहन सम्बन्धमा अनुसन्धान गरी दोषीउपर मुद्दा चलाउने वा कारबाहीका लागि तथा पीडितलाई क्षतिपूर्तिको सिफारिस गर्नेजस्ता काम गर्नसक्ने व्यवस्था गरिएको देखिन्छ। उक्त मस्यौदाले सो आयोगले मानव अधिकार वा मानवीय कानुनको उल्लंघनको विषयमा सैनिक ऐनको क्षेत्राधिकारलाई निषेध गर्नसक्ने व्यवस्था पनि गरेको छ। त्यसैगरी, न्यायाधीशलाई कानुन वा न्यायसम्बन्धी अनुसन्धान, अन्वेषण वा राष्ट्रिय सरोकारको अन्य कुनै काममा खटाउन सकिने व्यवस्था पनि गरिएको छ। तर संक्रमणकालीन अवस्थालाई निर्देशित र व्यवस्थित गर्ने नाममा निर्मित उक्त मस्यौदामा द्वन्द्वपीडितका सम्बन्धमा कुनै प्रत्यक्ष संवोधनसम्म गर्न सकिएको देखिन्न।

- सात दल र नेकपा (माओवादी) का शीर्ष नेताहरुको बैठकले ०६३ कात्तिक २२ गते गरेको निर्णयहरुमा विगतमा राज्य र माओवादी दुवै पक्षबाट बेपत्ता पारिएका भनिएका नागरिकका सम्बन्धमा छानविन गरी स्थिति सार्वजनिक गर्न उच्चस्तरीय छानविन आयोग गठन गर्ने, कब्जा गरिएका घर जग्गा सम्पत्ति फिर्ता गर्ने कार्यलाई तीव्रता दिने, विस्थापितहरु घर फर्किने वातावरणको सुनिश्चितता गर्ने, राजनीतिक नेता तथा कार्यकर्तामाथिको आरोप र अभियोग फिर्ता भएको घोषणा गर्ने, राजनीतिक बन्दी रिहा गर्ने कुरा उल्लेख छ। उक्त निर्णयमा, द्वन्द्वपीडितका व्यवस्थापनसम्बन्धमा- (१) सशस्त्र द्वन्द्वको क्रममा मारिएकाको परिवारलाई तथा यस क्रममा घाइते भई अपाङ्ग र अशक्त भएकालाई उचित राहत, सम्मान तथा पुनःस्थापनाको व्यवस्था गर्ने (२) छानबिन आयोगको प्रतिवेदनको आधारमा बेपत्ता भएकाहरुको पीडित परिवारलाई राहत उपलब्ध गराउने (३) सशस्त्र द्वन्द्वका क्रममा विस्थापितहरुको पुनःस्थापना गर्न, नष्ट भएका निजी तथा सार्वजनिक सम्पत्तिहरुको हकमा राहत प्रदान गर्न तथा ध्वस्त संरचनाहरुको पुनः निर्माण गर्न विशेष कार्यक्रम सञ्चालन गर्ने र (४) सशस्त्र द्वन्द्वका क्रममा मानव अधिकारको गम्भीर उल्लंघन गर्ने तथा मानवता विरुद्धको अपराधमा संलग्नहरुका बारेमा सत्य अन्वेषण गर्ने र समाजमा मेलमिलापको वातावरण निर्माण गर्न आपसी सहमतिबाट उच्चस्तरीय सत्य निरुपण तथा मेलमिलाप आयोगको गठन गर्ने कुरा उल्लेख छ।

(ग) गैरसरकारी प्रयासः मानव अधिकारसँग सम्बन्धित विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी, पेसागत संस्थाहरु एवं नागरिक समाजले पनि उक्त द्वन्द्वको सम्बन्धमा द्वन्द्वरत पक्षहरु र खासगरी सरकारीपक्षलाई घचघच्याउने लगायत द्वन्द्व र त्यसको प्रभावका सम्बन्धमा केही मात्रामा अध्ययन, अनुसन्धान जस्ता कार्यहरु गरिआएका छन्। यसै प्रसंगमा, द्वन्द्व अध्ययन केन्द्रले ०६१ जेठमै तत्कालीन प्रधानमन्त्रीलाई द्वन्द्वपीडितहरुको प्रमाणीकरणलगायत द्वन्द्वको प्रभावको अध्ययन गर्न विस्तृत अवधारणा सहित ज्ञापनपत्र बुझाएको र हाल बेपत्ता नागरिक लगायत द्वन्द्वपीडितहरुको प्रमाणीकरणका लागि तथ्यांक संकलन गरिआएको छ। तथापि यस्ता कतिपय संस्थाका प्रयासका बाबजुद यस्तो कार्य हालसम्म व्यापक र संगठित रुपमा हुन सकेको छैन। साथै, केही संस्थाका कार्यहरु आलोचनामुक्त नभएका कारण पीडितहरुमा गैरसरकारी संस्थाप्रति भ्रम र अविश्वास समेत पैदा हुने गरेको यथार्थता छ।

(घ) पीडितका प्रयासः द्वन्द्वबाट प्रत्यक्षरुपले पीडितहरुले आफन्तहरुको खोजी, राहत, क्षतिपूर्ति, पुनर्स्थापना र न्याय लगायतका माग पूरा गराउन विभिन्न दबाबमूलक कार्यहरु गरिआएका पाइन्छ। यस सिलसिलामा, बेपत्ता पारिएका नागरिकका परिवार समाज (बेपत्ता परिवार समाज) र नेपाल माओवादी पीडित संघ लगायतका संस्थाहरुमार्फत पीडितहरुले संगठितरुपमै आवाज बुलन्द पार्दै आएका छन्।

(ङ) पछिल्लो राजनीतिक निर्णयः नेपाल सरकार र नेकपा (माओवादी) बीच ०६३ मंसीर ५ गते सम्पन्न विस्तृत शान्ति सम्झौतामा सशस्त्र युद्ध समाप्त भएको घोषणा औपचारिकरुपमा गरिएको छ। साथै, उक्त सम्झौतामा राजनीतिक-आर्थिक-सामाजिक रुपान्तरण र द्वन्द्व व्यवस्थापन, सेना र हतियार व्यवस्थापन, युद्धविराम अर्थात् सैन्य कारबाही र सशस्त्र परिचालनको अन्त्य, स्थिति सामान्यीकरणका उपाय, मानव अधिकार, मौलिक अधिकार र मानवीय कानुनको परिपालना, नागरिक तथा राजनीतिक अधिकार, आर्थिक तथा सामाजिक अधिकार, महिला तथा बालबालिकाको अधिकार, वैयक्ति स्वतन्त्रताको अधिकार, मतभेद निरुपण तथा कार्यान्वयन संन्यन्त्र, कार्यान्वयन तथा अनुगमन र विविध सम्बन्धी विषयहरु उल्लेख गरिएका छन्। सम्झौतमा, दुवै पक्ष सशस्त्र द्वन्द्वका क्रममा मानव अधिकारको गम्भीर उल्लंघन गर्ने तथा मानवताविरुद्धको अपराधमा संलग्नहरुका बारेमा सत्य अन्वेषण गर्न र समाजमा मेलमिलापको वातावरण निर्माण गर्न आपसी सहमतिबाट उच्चस्तरीय सत्य निरुपण तथा मेलमिलाप आयोगको गठन गर्न सहमत भएका छन्। तथापि उक्त निर्णय कार्यान्वयनका लागि आवश्यक कानुनको साथै व्यावहारिक प्रतिबद्धताको खाँचो पर्ने कुरामा द्विमत नहोला।

साथै, सो सम्झौताले पीडितको व्यवस्थापनसम्बन्धमा व्यवस्था गरेको र मानव अधिकारको गम्भीर उल्लंघन तथा मानवताविरुद्धको अपराधमा संलग्नका बारेमा सत्य अन्वेषण गर्ने भनिए तापनि उपर्युक्त दुवै व्यवस्थाका लागि गर्नुपर्ने प्रथम् कार्य पीडितको प्रमाणीकरणका सम्बन्धमा भने कुनै कुरा उल्लेख नगरिएकोले सो सम्झौताका पक्षहरु वास्तविक पीडितको पहिचानप्रति गम्भीर नभएको महसुस हुन्छ। पीडितको व्यवस्थापन, दोषीलाई कारबाही र मेलमिलापको प्रतिबद्धता केवल कोरा राजनीतिक मात्र त हैन ? भन्ने प्रश्न उठेको छ।

यसरी शीर्ष राजनीतिक, सरकारी तथा गैरसरकारी प्रयासका बाबजुद द्वन्द्वको प्रभावको व्यापक अध्ययन र पीडितहरुको प्रमाणीकरणको दिशामा हालसम्म स्पष्ट दृष्टिकोण र रणनीति त तयार भइसकेको छैन नै, त्यससम्बन्धमा प्रतिबद्धतासम्म व्यक्त हुन सकेको पाइन्न। यससम्बन्धमा, द्वन्द्वको क्रममा भएका मानव अधिकार तथा मानवीय कानुनविरुद्धका अपराध, कानुनी शासनको उल्लंघन, ज्यादती, कोषको दुरुपयोग लगायतको पर्दाफास भएमा आफू पनि त्यसको दोषी भागी हुनुपर्ने मानसिकता कतिपय व्यक्ति, संथा, राजनीतिक दल र सरकारका व्यक्तिहरुको भएको कारण पनि बेपत्ता नागरिकको सार्वजनिकीकरण, पीडितको प्रमाणीकरण र द्वन्द्वको प्रभावको अध्ययन, अनुसन्धानका सम्बन्धमा उठाइने गरेका आवाज र व्यक्त शाब्दिक प्रतिबद्धताले ठाउँ नपाइरहेको वा त्यस्ता विषयलाई ओझेलमा पार्ने गरेको हुनसक्छ। व्यापक व्यावहारिक परिवर्तनको महसुस गर्न नसकिएको स्थिति अद्यापि विद्यमान रहेकोले वृहत् राजनीतिक निकासको कुरा उठाएर द्वन्द्वपीडितका विषयमा गम्भीर र संवेदनशील हुनुको सट्टा ढाकछोपको राजनीति नहोला भन्न सकिन्न।

द्वन्द्वपीडितका हक-अधिकार

- वास्तविक पीडितको पहिचान र प्रमाणसम्बन्धी।

- पीडितको योगदानको सम्मानसम्बन्धी ।
- पीडितको सुरक्षा र सामाजिकीकरणसम्बन्धी ।
- पीडितको आवश्यकताको पहिचानसम्बन्धी ।
- उचित परामर्श लिन पाउनेसम्बन्धी ।
- न्यायमा पहुँच सम्बन्धी ।

द्वन्द्वपीडितको प्रमाणीकरणका निर्देशक सिद्धान्तहरु

- पीडित तथा साक्षीको सुरक्षा
- पीडितको उपचार ।
- दोषीउपर उत्तरदायित्व ।
- पीडितको पक्षमा वकालत ।
- भविष्यमा त्यस्तो दुरवस्थाको अन्त्य ।

प्रमाणीकरणका लागि प्रारम्भिक सचेतता

- विश्वसनीयता ।
- सुरक्षा र गोपनीयता ।
- शारीरिक वा मानसिक अशक्तता ।
- भाषिक समस्या ।
- पीडितप्रतिको व्यवहार र सशक्तीकरण ।
- समझदारिता र बुझ्ने क्षमता ।
- सद्भाव, सहयोग र समन्वय ।
- गलत व्यक्तिले फाइदा उठाउने सम्भावना ।

रणनीतिक हिसाबले प्रमाणीकरणः नेपाल सरकार र अग्रगामी भनेर चिनाउने राजनीतिक दलहरुको सशस्त्र द्वन्द्वपीडित, जवर्जस्ती विस्थापित, मानव अधिकार हनन, स्वास्थ्य तथा खाद्य असुरक्षालगायतका समस्यालाई उचित र मानवीय तवरबाट संवोधन गरी क्षतिपूर्तिलगायतका व्यवस्था गर्ने प्रतिबद्धतालाई व्यावहारिक रुप दिनका लागि पनि द्वन्द्वपीडितको प्रमाणीकरणलाई रणनीतिक हिसाबले लैजान जरुरी छ । साथै, मानव जीवन रक्षा, मानवीय पीडामा कमी र मानवीय कार्यक्रमले दल र सरकारलगायतलाई क्षेत्रगत आवश्यकताका आधारमा साधन-स्रोत र आर्थिक कार्यक्रम, शान्ति र स्थायित्व, पूर्वाधार एवं दिगो विकासका लागि स्पष्ट मार्गनिर्देश गर्ने तथा आफ्ना अभीष्ट पूरा गर्न महत्वपूर्ण बल पुऱ्याउँछन् । द्वन्द्वपीडितको वास्तविकताका बारेमा व्यावहारिक अध्ययनविनाको तार्किकताले समस्या समाधानमा बल पुऱ्याउदैन । तसर्थ, उचित नीति, सन्यन्त्र बनाएर विश्वसनिय र सहभागितामूलक तवरबाट उपलब्धिमूलक प्रमाणीकरण कार्य गर्नुपर्ने हुन्छ ।

द्वन्द्वपीडितको प्रमाणीकरणका मापनहरुः

द्वन्द्वपीडितको प्रमाणीकरणको मापन गर्नु ज्यादै कठिन र विवादास्पद विषय पनि हुन सक्छ किनकि द्वन्द्वको प्रत्यक्ष असर मात्र नभएर व्यापक मात्रामा अप्रत्यक्ष असर परेको हुनसक्छ । अर्कोतर्फ, शारीरिक वा भौतिक पीडाको मापन गर्दा वास्तविकताको धेरै नजिक पुग्न सकिएला तर मानसिक वा मनोवैज्ञानिक असर र त्यसबाट सिर्जित पीडालाई मापन गर्नु लगभग असम्भव नै हुन्छ । तसर्थ, सामान्यतः पीडितको प्रमाणीकरण कार्य शारीरिक र भौतिक प्रभाव वा क्षतिका आधारमा गरिने भए तापनि त्यसका कारण पुग्न गएको प्रत्यक्ष महसुस गर्न सकिने मनोवैज्ञानिक असरलाई भने भुल्न मिल्दैन जस्तो कि, आफन्तको पीडाका कारण मनस्थिति असन्तुलन हुन पुगेका व्यक्ति आदि । यसप्रकार पीडितहरुको प्रमाणीकरण मूलतः निम्नलिखित आधारमा गर्न सकिने देखिन्छः-

(क) शारीरिक वा भौतिक क्षति ।
(ख) पीडितको वैयक्तिक आधारः पीडितस्वयं, निजका परिवार वा आश्रित व्यक्ति ।
(ग) उमेर समूह, लिङ्ग, जाति, वर्ण ।
(घ) सामाजिक, आर्थिक स्थिति ।
(ङ) भौगोलिक क्षेत्र/उपक्षेत्र वा स्थानविशेष ।
(च) राजनीतिक क्षेत्र आदि ।

द्वन्द्वपीडित विभिन्न कारणबाट भएका हुनसक्छन् जस्तो कि, आपराधिक मनसाय, राजनीतिक आस्थाका कारण डर, त्रास, आतंक, सम्पत्ति जफत, सुराकी वा शोषकको आरोप, दोहोरो भिडन्त वा विस्फोटन वा जबर्जस्तीमा परेर आदि । साथै, पीडितको प्रमाणीकरणका लागि पनि विभिन्न आधारहरु अपनाउन सकिन्छ, उदा.- मानव अधिकारको विश्वव्यापी घोषणापत्रलाई अनुसरण गरी प्रमाणीकरण कार्य गर्ने हो भने मानव अधिकार हनन भए नभएको मुख्यरुपमा यसरी छुट्याउन सकिन्छः- (१) व्यक्तिको जीवन, स्वतन्त्रता र सुरक्षा (२) क्रूर, अमानवीय र घटिया व्यवहार (३) जथाभावी गिरफ्तारी, थुना वा देश निकाला (४) विचार र अभिव्यक्तिको स्वतन्त्रता र (५) शान्तिपूर्वक भेला हुने र संगठित हुने स्वतन्त्रता । त्यस्तै, अन्तर्राष्ट्रिय मानवीय कानुनका अनुसारः- (१) व्यक्तिको जीवन, स्वास्थ्य र शारीरिक तथा मानसिक स्थितिप्रतिको हिंसा । खासगरी, हत्याका साथै क्रूर व्यवहारहरु जस्तो कि, यातना, अंगभंग लगायतका अन्य प्रकारका भौतिक (शारीरिक) सजाय (२) सामूहिक सजाय/दण्ड (३) बन्धक बनाउने कार्य (४)

आतंकवादी गतिविधि/कार्य (५) वैयक्तिक सम्मानको अपमान वा अपहरण। खासगरी, हीनताबोध, घटीया व्यवहार, बलात्कार, जबर्जस्ती वेश्यावृति र अन्य कुनै अमर्यादित कार्यहरु (६) जुनसुकै प्रकारका दासत्व र दास व्यापार (७) चोरी तथा डकैती आदि। यसप्रकार, द्वन्द्वपीडितको प्रमाणीकरणका लागि अन्तर्राष्ट्रिय मानव अधिकार तथा मानवीय कानुनको गम्भीर उल्लंघनको विषयका आधारलाई मुख्यरुपमा लिन सकिन्छ, जसानुसारः-

द्वन्द्वका कारणः

१. जीवन गुमाएकाः हत्या वा मृत्यु।

२. विधवा/विधुर/अभिभावक गुमाएका बालबालिका।

३. बेपत्ता।

४.अपहरण वा गिरफ्तारीमा परेका।

५.घर जलेका/भत्काइएका/ ध्वस्त वा विनास भएका ९दगचलत यच मभकतचयथभम यच मकबनभम०।

६.सम्पत्ति जलेका/भत्काइएका/ ध्वस्त वा विनास भएका ९दगचलत यच मभकतचयथभम यच मकबनभम०

७. बलात्कृत।

८. गम्भीर यातना पाएका वा अंगभंग भएका।

९. आफ्नो जन्मथलो छाड्न बाध्य भएकाः आन्तरिक रुपमा विस्थापित र विदेश (भारत र तेस्रो मुलुक) तिर लागेका।

१०. अशक्त भएका वा निको नहुने गरी (अपूरणीय) क्षति पुगेका।

११.मानसिक अशक्तता वा अस्वस्थता ९मष्कबदषष्तिथ यच मष्कयचमभच०

१२. शारीरिक बिरामी।

१३. जागीर वा रोजगारी गुमेका।

उपर्युक्त आधारका साथै, सरकार-माओवादीबीच ०६३ मंसीर ५ गते सम्पन्न विस्तृत शान्ति सम्झौतामा उल्लेखित युद्धविराम प्रतिबद्धता र मानवाधिकार, मौलिक अधिकार र मानवीय कानुनको परिपालना सम्बन्धी बुँदाहरुमा उल्लेखित विषयलाई आधार बनाउन सकिन्छ। यसरी जुनसुकै आधार लिइए पनि पीडितका पीडालाई संवेदनशीलताका आधारमा सम्बोधन गर्नु जरुरी देखिन्छ।

समस्या र चुनौती

- पीडितहरुको वास्तविक संख्या र पहिचान एकिन गर्नु ज्यादै कठिन र चुनौतीपूर्ण कार्य हो। उदाहरणका लागि, कतिपय पीडितहरुका सम्बन्धमा द्वन्द्वरत पक्षहरुबीच आरोप-प्रत्यारोप चल्ने गरेको र कुनै पनि पक्षमा नलागेका व्यक्तिहरु वा दोहोरो मारमा परेकाहरुको सम्बन्धमा कसैले पनि आवाज उठाउने गरेको वा चासो व्यक्त गरेको पाइन्न। अर्कोतर्फ, द्वन्द्वरत पक्षका व्यक्ति वा पहुँचवालाको प्रमाणीकरणका सम्बन्धमा अनावश्यक दबाब पनि सिर्जना हुनसक्छ। आफ्नो पीडा व्यक्त गरेको अवस्थामा यो वा ऊ कुनै पक्षमा लागेको आरोप खेप्नुपर्ने डरले पीडा लुकाउने वा सहनेहरु पनि नहोलान् भन्न सकिन्न जसका कारण मानव अधिकार तथा मानवीय कानुनको गम्भीर उल्लंघन भएका घटनाहरु पनि प्रकाशमा नआएका हुनसक्छन्। बलात्कारजस्ता घटनाका पीडितको पहिचान हुने भएकाले थप सामाजिक पीडाबोध हुनसक्ने हुँदा केही गम्भीर पीडाका पीडितहरुको पहिचान उनीहरुको इच्छामा गोप्य राखिनुपर्ने पनि हुन्छ। अर्को कुरा, निश्चित समयावधिभित्रका पीडितहरुको प्रमाणीकरण गरिने हुँदा सो अवधिभन्दा अघि वा पछि पीडित हुन पुगेकाहरु नसमेटिने सम्भावना हुन सक्छ। गलत वा झूट्टा व्यहोरा उल्लेख गरी पीडितको प्रमाणपत्र लिन सक्ने सम्भावना रहने हुँदा त्यसतर्फ सजग गरी गलत विवरण दिनेलाई सजाय भागी बनाइनुपर्दछ। तसर्थ, यस्ता पीडितहरुको प्रमाणीकरणको कार्य ज्यादै संवेदनशील र चुनौतीपूर्ण छ। यसले द्वन्द्वपीडितहरुकै बीच पनि अनावश्यक विवाद निम्त्याउन नसक्ला भन्न सकिन्न तर ज्यादै बुद्धिमत्तापूर्ण यो कार्य गर्नुपर्ने हुन्छ।
- नीतिगत कमजोरी
- दण्डहीनताः उचित कानुनको अभाव, कानुन कार्यान्वयनको अभाव, न्यायिक कमजोरी
- राजनीतिक प्रतिशोध
- राजनीतिक प्रतिबद्धताको अभाव
- पीडितको बुलन्द आवाजको अभाव
- सरकारी उदासीनता र ढाकछोपको नीति।

उपाय

द्वन्द्वपीडितको प्रमाणीकरणका लागि विभिन्न सन्यन्त्र तथा माध्यमहरु अपनाउन सकिन्छ उदाहरणका लागिः- द्वन्द्वप्रभावित क्षेत्रका माओवादीलगायतका राजनीतिक दलहरु, सरकारी निकाय, पीडितका प्रतिनिधि, अधिकारवादी र सचेत समुदायहरु संलग्न समिति गठन गरी निश्चित मापदण्ड र व्यापक सहभागिताका आधारमा तथ्यांक संकलन र प्रमाणीकरण गराउन सकिन्छ। त्यसलाई अनुगमन वा नियन्त्रण गर्नका लागि केन्द्रीय तहमा उच्चस्तरीय अनुगमन समितिको व्यवस्था गर्न सकिन्छ। तर त्यसो गर्दा समय, प्रक्रिया, दक्षता, क्षमता र विश्वसनीयतालगायतका हिसाबले त्यति व्यावहारिकता नदेखिने हुनसक्छ। त्यस्तै, द्वन्द्वरतपक्षहरु बीचको भ्रम, आशंका र अविश्वास हटाउन तथा देशभित्रका शक्तिहरुबाट गठित सन्यन्त्र निष्पक्ष र दोषीलाई कारबाही गर्न सक्षम नहुने लागेमा त्यस्ता शक्तिहरुको सहमतिमा सन्यन्त्र गठन र कार्य गर्न संयुक्त राष्ट्रसंघलाई अनुरोध गर्न सकिने हुन्छ (उदा. बुरुन्डी आदि)। तथापि वर्तमान स्थितिमा द्वन्द्वरत पक्षका शीर्षस्थ व्यक्तिहरु र देशभित्र तथा बाहिरबाट समेत सत्य आयोगको आवश्यकता सम्बन्धी विषयमा चर्चा हुने गरेको सन्दर्भमा माथि उल्लेख गरिएबमोजिमका स्थानीय

समुदायहरु र संरासंघलाई व्यापकरुपमा परिचालन र उपयोग गरी कार्य गर्ने गरी प्रभावकारी सन्यन्त्रको रुपमा उच्चस्तरीय र अधिकारसम्पन्न सत्य-तथ्य आयोगको व्यवस्था गर्नु नितान्त जरुरी देखिएको छ ।

- सत्य-तथ्य आयोगः द्वन्द्वपीडित नागरिकको वास्तविक तथ्यांक र यथार्थका बारेमा अनभिज्ञता रहेको वर्तमान स्थितिमा मुख्य राजनीतिक शक्तिहरुले द्वन्द्वपीडितलाई न्याय र द्वन्द्वको दिगो निकासका लागि वर्तमान सरकार-माओवादीको संयुक्त सहमति र सहभागितामा द्वन्द्वपीडितको प्रमाणीकरणको सवाललाई गम्भीरतापूर्वक लिई यथाशीघ्र एक अधिकारसम्पन्न, शक्तिशाली, स्वतन्त्र, उच्चस्तरीय र समावेशी प्रकारको सत्य-आयोग तत्काल गठन गरी कार्य प्रारम्भ गर्नुको विकल्प छैन । यसै प्रसंगमा, गत कात्तिक २१ गते सात दल र नेकपा माओवादीको शीर्ष बैठकले उच्चस्तरीय सत्य निरुपण तथा मेलमिलाप आयोगको गठन गर्ने निर्णय गरेकोलाई सराहनीय नै मान्नुपर्दछ तर त्यस्तो आयोगको काम-कर्तव्य, अधिकार, कार्यविधि र सिफारिस कार्यान्वयनका सम्बन्धमा उठ्न सक्ने भ्रम र आशंकालाई निवारण पारी विश्वस्त पारिनुपर्दछ । सत्य आयोगलाई कुनै पनि हिरासत वा स्थानमा बिना कुनै पूर्वसूचना जान तथा तलासी लिन र बयान लिन सक्ने अधिकासम्पन्न बनाइनुपर्छ । जसले द्वन्द्वपीडित भएका भनी नाम किटानी गरिएकाको साथै, द्वन्द्वप्रभावित सम्पूर्ण नागरिकको प्रमाणीकरणको कार्य गरी पीडितलाई राहत लगायतका न्याय र दोषीमाथि उपयुक्त कारबाही सहितको सिफारिस गरोस् । त्यस्तो आयोगको प्रतिवेदन र सिफारिसलाई सरकारद्वारा पूर्णरुपमा कार्यान्वयन र पालना गरियोस् । उक्त आयोगले द्वन्द्वप्रभावित क्षेत्रका राजनीतिक दलहरु, पीडितका प्रतिनिधि, अधिकारवादी लगायतका समुदायहरुसँग सहयोग, समन्वय गरी व्यवस्थित रुपमा तथ्यांक संकलन र प्रमाणीकरण गर्ने कार्य गरेमा आयोगको काम जनसहभागितापूर्ण, समर्थनपूर्ण र विश्वसनिय पनि हुनजाने देखिन्छ । परिणामतः द्वन्द्वप्रभावितको पहिचान र प्रमाणीकरण गर्दै तिनीहरुको आवश्यकताको निर्क्यौल गर्नसमेत मद्दत पुग्ने विश्वास गरिएको छ ।
- नागरिक सचेतताः द्वन्द्वपीडितको प्रमाणीकरणको विषयलाई मानवीयक संवेदनायुक्त गम्भीर राजनीतिक मुद्दा सरह स्थान ग्रहण गराउन सक्नुपर्ने र प्रमाणीकरणका सम्बन्धमा आवश्यक कानुनी व्यवस्था र त्यसको प्रभावकारी कार्यान्वयनका लागि सशक्त भूमिका निर्वाह गरी पीडितका पक्षमा खबरदारी गर्न सक्नुपर्ने ।

द्वन्द्वपीडितको प्रमाणीकरणको कार्य द्वन्द्वपीडितका सम्बन्धमा चालिने अन्तिम कार्य होइन यो त सुरुआतको कार्य हो । तर यसले पीडितको विगत, वर्तमान र भविष्यलाई इङ्गित गर्न महत्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ । साथै, यो कुनै व्यक्तिको नाम जाँच्ने ( अजभअपष्लन) कार्य मात्र नभएर भविष्यमा त्यससम्बन्धमा थप द्विविधा नहोस् र पूर्ण विवरणका लागि अर्को प्रयत्न गरिरहन नपरोस् भन्ने पनि हो । यसमा व्यक्तिको नाम थर, उमेर, स्थायी तथा अस्थायी ठेगाना, शैक्षिक स्थिति, सम्पर्क ठेगाना, साम्पत्तिक विवरण, आपराधिक कार्य, समाचार सम्प्रेषण, व्यक्तिगत विवरण लगायतका निजसँग सम्बन्धित सम्पूर्ण विवरणहरु बुझिनुपर्ने हुन्छ ।

त्यसैगरी, पीडितको प्रमाणीकरण भइसकेपश्चात् पीडितलाई न्याय दिलाउन र दोषीमाथि कारबाही गरी दण्डहीनताको उन्मूलन गर्न उपयुक्त कानुनको तर्जुमा गरी निष्पक्ष एवं प्रभावकारी न्याय सम्पादनको व्यवस्था गरिनु सबैभन्दा महत्वपूर्ण विषय हुन आउँछ । यसका लागि छुट्टै र पारदर्शी न्यायिक निकायको आवश्यकता पर्न आउँछ चाहे त्यो अस्थायी, अन्तरिम, संक्रमणकालीन जुनसुकै नामबाट किन गठन नगरियोस् । अन्यथा, जतिसुकै संवेदनशील प्रतिवेदन बुझाइए पनि त्यसको उचित कार्यान्वयन भएन भने त्यसबाट पीडितमा झन् पीडा थपिने, दोषीमा दण्डहीनता र समाजमा भय त्रास एवं अव्यवस्था रहिरहने हुँदा झन् ठूलो र घातक द्वन्द्व निम्त्याउने सम्भावना रहन्छ ।

निष्कर्ष

हुन त, व्यवस्थित प्रमाणीकरण सम्बन्धी विषय विश्व-मानचित्रमै नयाँ विषयको रुपमा लिइएको छ । वास्तवमा, प्रमाणीकरण भनेको पीडितको पहिचान गरी आधिकारिकता प्रदान गर्नु हो र यसको उद्देश्य राहत वा क्षतिपूर्ति दिनु र दोषीमाथि कारबाही गरी खासगरी संक्रमणकालीन न्याय उपलब्ध गराई भविष्यमा यस्ता घटना हुन नदिने स्थितिको सिर्जना गर्नु तथा त्यस्तो स्थितिको आश्वस्त पार्नु पनि हो जसबाट पीडितको पीडा कम र सामान्यीकरण हुनपुगोस् । तथापि कतिपय घटनाहरुको संवेदनशीलतालाई ध्यानमा राखी गोपनीयता कायम गरिनुपर्ने, पीडितको वर्गीकरण गरी राहत वा क्षतिपूर्ति उपलब्ध गराइनुपर्ने, वास्तविक दोषीलाई मात्र कारबाहीको प्रक्रियामा लैजान सक्नुपर्ने तथा दोषीबाट प्रमाण लोप गर्न सक्ने र सजायबाट उम्कन हुनसक्ने प्रयासतर्फ सचेतता अपनाइनुपर्ने र न्याय गर्ने मात्र होइन न्याय गरेको जस्तो आम जनताले महसुस वा अनुभव गर्न सक्नुपर्ने जस्ता चुनौतीहरुको चतुरतापूर्वक सामना गर्नुपर्ने हुन्छ । साथै, ढिलो गरी न्याय दिनु र न्याय नदिनुको बीचमा खासै फरक रहदैन । तसर्थ पीडितको प्रमाणीकरण भएर मात्र हुदैन तिनलाई राहत, क्षतिपूर्ति र दोषीलाई उचित कारबाहीका लागि न्यायिक प्रत्याभूति पनि दिन सक्नुपर्छ र त्यसको सफलतापूर्वक कार्यान्वयन गर्ने राजनीतिक दृढ इच्छाशक्ति तथा प्रतिबद्धताको सबैभन्दा ठूलो खाँचो देखिन्छ ।

वर्तमान अवस्थामा राजनीतिक माहौल समयसापेक्ष भएर प्रतिगमन तथा तानाशाहीतन्त्रको अन्त्य र लोकतन्त्रको सुरुआतस्वरुप द्वन्द्वरत पक्षहरुबीच शान्ति, अग्रगमन र लोकतान्त्रिक गणतन्त्रका लागि विस्तृत राजनीतिक सम्झौता भएको छ र तत्कालका लागि हत्या-हिंसालाई औपचारिक रुपमै तिरस्कार गरिएको छ । यसलाई अन्तर्राष्ट्रिय एवं व्यापक राष्ट्रिय समर्थन प्राप्त भइरहेको छ । यस्तो स्थितिमा द्वन्द्वको दिगो निकास, शान्ति, विकास, अग्रगमन र न्यायका लागि सबै पक्ष इमानदार भएर दीर्घकालीन सोच र रणनीतिका साथ लाग्नुपर्ने हुन्छ ।

सुझावहरुः

- प्रमाणीकरणका विधि, पद्धति र प्रक्रिया स्पष्ट हुनेगरी प्रभावकारी कानुन (ऐन, नीति-नियम आदि) तयार पारी तत्काल कार्यान्वयन गर्नुपर्ने देखिन्छ । यसका लागि निकट भविष्यमै जारी हुने अन्तरिम संविधानमै बेपत्ता नागरिकको सार्वजनिकीकरण, द्वन्द्वपीडितहरुको प्रमाणीकरण र तिनीहरुलाई प्रदान गरिने न्यायको प्रक्रियाका सम्बन्धमा स्पष्टरुपमा उल्लेख गर्नु त्यसतर्फको पहिलो वास्तविक प्रत्याभूति हुनसक्छ ।

- उच्चस्तरीय र शक्तिशाली सत्य-तथ्य आयोगको गठन तथा त्यसको कार्यविधि स्पष्ट हुनु/पारिनुपर्छ। त्यसप्रति पीडित, नागरिक समाज लगायतलाई विश्वस्त पार्न सक्नुपर्छ।
- पीडितलाई न्याय र दोषीउपर कारबाही गर्न सक्षम न्यायिक व्यवस्था (विशेष अदालत वा विशेष व्यवस्था) गरिनुपर्छ।
- द्वन्द्वपीडितको प्रमाणीकरण र सत्य-तथ्य आयोग सम्बन्धमा नागरिक समाज एवं खासगरी मानव अधिकारवादी गैरसरकारी संस्थाहरुले व्यापक छलफलको विषय बनाई यस सम्बन्धमा निगरानीकर्ता ९धबतअज(मयन० वा खबरदारीको भूमिका निर्वाह गर्न सक्नुपर्छ।